श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति ०३०।८।२८ को निर्णयानुसार निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम १० (३) ले दिएको अधिकार प्रयोग गरी दुई महीनाको लागि नारायणी अञ्चलमा खटिएको दौडाहा टोलीका अध्यक्षलाई सो टोलीको साथमा गएका र त्यस अञ्चलभरका राजपत्र अनङ्कित कर्मचारीहरू उपर सो नियमको नियम १० (२) को अधिकार सो अञ्चलभित्र कार्य प्रारम्भ गरेको मितिदेखि उक्त अवधिसम्म प्रयोग गर्न पाउने गरी सुम्पेको छ र निजले गरेको सजायको आदेश उपर श्री ५ को सरकारमा पुनरावेदन लाग्न सक्नेछ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३०।८।२८ को निर्णयानुसार प्रहरी ऐन, २०१२ को दफा १० (१) ले दिएको अधिकार प्रयोग गरी दुई महीनाको लागि नारायणी अञ्चलमा खटिएको दौडाहा टोलीको अध्यक्षलाई सो ऐनको दफा १० (१) को सबै अधिकार सो अञ्चलभित्र कार्य प्रारम्भ गरेको मितिदेखि उक्त अवधिसम्म प्रयोग गर्न पाउने गरी सुम्पेको छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।